भिमसेन थापा गाउँपालिका
दर्ता : १००१
मिति : २०७७।६।१२

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय दमौली

# करदाता सेवा कार्यालय गोरखा

फोन.नं. : ०६४४२००६६
ईमेल : tso-gorkha@ird.gov.np

प.सं:२०७७।०७८
च.नं. ४१

मिति : २०७७।०६।०९

विषय: W-PAN तथा ETDS सम्वन्धमा

श्री गोरखा जिल्ला स्थित संघीय कार्यालयहरू सबै ।
श्री गोरखा जिल्ला स्थित प्रदेश कार्यालयहरू सबै ।
श्री गोरखा जिल्ला स्थित नगर/गाउँ कार्यपालिकाको कार्यालयहरू सबै ।

प्रस्तुत विषयमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६।०९।२१ को निर्णयानुसार यस कार्यालयको संगठन तथा व्यवस्थापन स्वीकृत भए अनुसार गोरखा नगरपालिका वडा नं. ६ स्थित तीनधारेमा कार्यालयको स्थापना भई तोकिएको सिमा सम्म कारोवार भएका गोरखा जिल्ला भित्रका करदाताहरूको आयकर, मूल्य अभिवृद्धि कर र अन्त:शुल्क सम्वन्धी सम्पूर्ण प्रशासनिक कामहरू शुरू भएको र यस जिल्ला भित्रका करदाताहरूको करदाता सेवा सम्वन्धी सम्पूर्ण सेवाहरू यस कार्यालय बाट मात्र प्रदान हुने व्यहोरा जानकारीको लागी अनुरोध छ ।

आयकर ऐन २०५८ तथा नियमावली २०५९ बमोजिम अग्रिम कर कट्टी गर्ने दायित्व भएका व्यक्ति वा निकायहरूले अनिवार्य रूपमा स्थायी लेखा नम्बर लिई तलव भत्ता लगायत अन्य तोकिए वमोजिमका रकमको भुक्तानीमा अग्रिम कर कट्टी गरी E-TDS मार्फत अर्को महिनाको २५ गते भित्र विवरण सहित कर रकम दाखिला गर्नुपर्ने, निर्धारित समय भित्रमा E-TDS मार्फत विवरण दाखिला नगरेमा शुल्क र कर रकम दाखिला नगरेमा व्याज लाग्ने तथा सो को जिम्मेवार कार्यालय/निकाय/संस्था प्रमुख रहने व्यवस्था रहेको छ । सो सम्वन्धमा आयकर ऐन २०५८ बमोजिम अग्रिम रूपमा भएको कर कट्टीको विवरण E-TDS मार्फत दाखिला गर्ने प्रयोजनार्थ तहां कार्यालय/निकाय/संस्था ले हालसम्म W-PAN (Withholding Permanent Account Number) नलिएको भएमा तहां कार्यालय/निकाय/संस्था को नामबाट W-PAN (Withholding Permanent Account Number) दर्ता प्रमाणपत्र लिई तोकिएको समयमा अग्रिम रूपमा कट्टी भएको कर रकम र E-TDS मार्फत कर विवरण दाखिला गरी कर कानूनको पूर्ण कार्यान्वयन गर्नमा सहयोग गरि दिनु हुन हार्दिक अनुरोध छ ।

(रमेश खड्का)
कर अधिकृत

श्री प्र.
- website मा राख्ने ।
- प्रचार प्रसार व्यवस्था मिलाउने
- सम्पूर्ण विद्यालयहरु, स्वा. चौकी
- वडा कार्यालयहरु लगायत सम्बन्धित सबैलाई जानकारी गराउने

Scanned with CamScanner